नौगाड गाउँपालिका
Naugad Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
होपरीगाड, दार्चुला
Hoparigad, Darchula
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal

पसं:- २०८३/८४ मिति:- २०८३/०४/०७
च.न.: ४८ ने.स. ११४६

# तरकारी पकेट विकास कार्यक्रमका लागि प्रस्ताव आहवानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३ /०४ /७**

राष्टिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना , परियोजना कार्यन्वयन म्यानुअल २०७७ ( पहिलो संसोधन मिति २०८१/०८/१६ ) अनुसार यस नौगाड गाउपालिका कृषि विकास शाखाले व्यवसायिक तरकारी खेतीको लागि तपसिल अनुसारको कार्यक्रम संचालन गर्नुपर्ने भएकाले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समुह / कृषि फर्म / कृषि सहकारी /उद्धमी कृषकहरुले भाद्र मसान्तसम्म तपसिल अनुसारका आवस्यक कागजात सहित सम्बन्धित वडा कार्यालय अथवा कृषि विकास शाखामा निवेदन पेश गर्नको लागि यो सुचना प्रकाशित गरिन्छ ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | मापदण्ड |
|---|---|---|---|
| १ | आ.व. २०८३/८४ मा तरकारीको पकेट विकास कार्यक्रम संचालन | वडा न ३ को जामिर देखि वडा न ६ को धुलिगडा खेडा सम्मको रोडहेड क्षेत्र | राष्टिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना , परियोजना कार्यन्वयन म्यानुअल २०७७ ( पहिलो संसोधन मिति २०८१/०८/१६ ) अनुसार । |

## आवस्यक कागजातहरु

१. कार्यक्रममा सहभागी हुन पाउ भन्ने बारेको निवेदन ।

२. कार्यालयबाट तयार पारिएको ढाचा फाराम ।

३. विगत २ वर्षमा यस नौगाड गाउपालिका बाट र अन्य कुनै पनि सरकारी निकायबाट ब्यात्तिगत रुपमा अथवा कृषक समुह मार्फत कृषि कार्यक्रम प्राप्त नगरेको स्वघोषणा पत्र ।

{Cell No: 9868838423 Website: naugadmun.gov.np, E-mail: info@naugadmun.gov.np, naugaad@gmail.com}

४. ब्यात्तिगतको हकमा नागरिकता अनिवार्य ।
५. कृषक समुह/कृषि सहकारीको हकमा कार्यक्रम माग गरेको निर्णयको प्रतिलिपि ।
६. कृषक समुह/कृषि फर्म/कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्र नविकरण गरेको प्रतिलिपि ।
७. लाभान्वित हुने कृषकहरुको विवरण सहित सबैको नागरिकता र जग्गाको आधिकारिकता खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

आबस्यक सर्तहरु :

१. आवेदन दिने कृषकहरुले आवेदन सहित सम्वन्धित कृषि पेशामा संलग्न रहेको हुनुपर्ने छ ।
२. कम्तिमा २ रोपनी क्षेत्रफलमा तरकारी अनिवार्य लगाउनुपर्ने ।
३. आवेदन फाराममा भएका सम्पूर्ण विवरण पूर्ण रुपमा भर्नुपर्ने छ । अपूर्ण तथा अस्पष्ट रुपमा भरिएको , संलग्न गर्नुपर्ने कागजातहरु संलग्न नगरेको आवेदनहरु छनौट प्रक्रियामा समावेश गरिने छैनन ।
४.आवेदकले पेश गरेका प्रस्तावहरु स्वीकार गर्ने वा नगर्ने अन्तिम र पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।
५. थप क्रियाकलापहरु प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्वन्धि कार्यविधि अनुसार हुनेछ ।
६. प्रस्तावना फारामको नमुना कृषि विकास शाखामा र सम्वन्धित वडा कार्यालय वाट प्राप्त गर्न सकिने छ । साथै नौगाड गाउपालिकाको website : naugadmun.gov.np र नौगाड गाउपालिकाको आधिकारिक Facebook page नौगाड गाउँ कार्यपालिकाको कार्यालय, होपरिगाड दार्चुला वाट पनि download गर्न सकिने छ ।

<u>थप जानकारीको लागि</u>
कृषि विकास शाखाको फोन नम्बर : ९७६७४३८६४९
कृषि शाखा प्रमुखको फोन नम्वर : ९८६८८३८४२३

८२/०४/०६
प्रकाश सिह धामी
कृषि अधिकृत
**प्रकाश सिंह धामी**
**कृषि अधिकृत**

८२/०४/०६
पुष्कर सिंह धामी
प्रमुख प्रशासकिय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

नोट : किसान सूचीकरण प्रणालीमा ( कृपक समुहको हकमा समुहमा आवद्ध सम्पूर्ण कृपकहरु ) अनिवार्य प्रविस्ट भएको हुनुपर्ने र छनौट भएका सम्पूर्ण कृपकहरुले सम्झौताको वेला किसान परिचयपत्र अनिवार्य रुपमा ल्याउनुपर्ने ।